# चिकित्सा शिक्षा आयोग

# स्नातकोत्तर तहको सिट निर्धारणसम्बन्धी आन्तरिक कार्यविधि, २०७७

कार्यकारी समितिबाट मिति २०७७।४।१५ गते

पहिलो संशोधन २०७८।८।०७ गते

राष्ट्रिय चिकित्सा शिक्षा ऐन,२०७५ [1]तथा राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ बमोजिम स्नातकोत्तर तहमा चिकित्सा शिक्षाका कार्यक्रम संचालन गर्ने शिक्षाण संस्थाको सिट निर्धारण गर्ने कार्यलाई व्यवस्थित र बैज्ञानिक प्रणालीबाट पारदर्शी र विश्वसनीय बनाउन चिकित्सा शिक्षामा गुणस्तरीय, पेशागतधर्मिता, संस्थागत जबाफदेहिता, भौगोलिक सन्तुलन र सामाजिक न्याय कायम राखी सिट निर्धारण गर्न बाञ्छनीय भएकाले,

[2]चिकित्सा शिक्षा आयोगले यो कार्यविधि जारी गरेको छ ।

**(१) संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम स्नातकोत्तर तहको सिट निर्धारणसम्बन्धी आन्तरिक कार्यविधि, २०७७" रहने छ ।

२) यो कार्यविधि तुरून्त प्रारम्भ हुनेछ ।

**(२) परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा

क) **"आयोग"** भन्नाले चिकित्सा शिक्षा आयोगलाई जनाउँछ ।

ख) **"समिति"** भन्नाले चिकित्सा शिक्षा आयोगको कार्यकारी समितिलाई बुझाउँछ ।

ग) **"कार्यविधि"** स्नातकोत्तर तहको सिट निर्धारणसम्बन्धी आन्तरिक कार्यविधि, २०७७" लाई जनाउँछ ।

घ) **"शिक्षण संस्था"** भन्नाले चिकित्सा शिक्षामा स्नातक र स्नातकोत्तर तह वा सोभन्दा माथिको तह अध्यापन गराउने शिक्षण संस्थालाई जनाउँछ ।

च) **"सिट"** भन्नाले चिकित्सा शिक्षा सञ्चालनका लागि आयोगले प्रत्येक शिक्षण संस्थालाई वार्षिक रूपमा अध्यापन गर्न पाउने गरी उपलब्ध गराएको विषयगत विद्यार्थी संख्यालाई जनाउँछ ।

---

[1] पहिलो संशोधनबाट संशोधित

[2] पहिलो संशोधनबाट संशोधित

**(३) अनुगमन सम्बन्धी व्यवस्थाः** (१) आयोगले प्रत्येक वर्ष राष्ट्रिय चिकित्सा शिक्षा नियमावली, २०७७ को नियम १० बमोजिम विज्ञ समूह[3]बाट अनुगमन गराउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको अनुगमन आयोगको अनुगमनसम्बन्धी अन्तरिम कार्यविधि, २०७७ बमोजिम हुनेछ ।

(३) अनुगमन गर्दा शिक्षण संस्थाका प्राज्ञिक उपलब्धि, कार्यरत फ्याकल्टी,भौतिक पूर्वाधार तथा प्रदान गरिएको सेवासमेतलाई अधार मानिनेछ ।

(४) उपदफा (३) मा जेसुकै भनिए तापनि [4]………………… सिट निर्धारण गर्दा शिक्षण संस्थाले सन् २०२० का लागि प्राप्त गरेको सिट, प्राज्ञिक उपलब्धि, भौतिक पूर्वाधार तथा प्रदान गरेको स्वास्थ्य सेवा जस्ता पक्षसमेतलाई मध्यनजर राखी अध्यापनमा रहेका फ्याकल्टी संख्यालाई आधार मानी सिट निर्धारण गरिनेछ ।

**(४) सिट निर्धारणका आधारः**(१) स्नातकोत्तर तहको चिकित्सा शिक्षा अध्यापन गर्ने शिक्षण संस्थाले आयोगले निर्धारण गरेको समयभित्र Self-Appraisal (स्व मूल्यांकन प्रतिवेदन) संलग्न गरीआफ्नो प्राज्ञिक कुशलता, अस्पताल सेवा, भौतिक पूर्वाधार र फ्याकल्टी, अघिल्लो वर्ष प्राप्त गरेको कोटा तथा सामाजिक उत्तरदायित्व अन्तरगत पुर्याएको सेवाका विवरण समेतलाई संलग्न राखी विषयगत सिट संख्या माग गर्नुपर्नेछ । [5]यसरी आयोगबाट जारी निर्देशनलाई तदारुकताका साथ पालना गर्नु सबै शिक्षण संस्थाको कर्तव्य हुनेछ र आयोगका निर्णय र ऐन विपरीत कार्य गर्ने शिक्षण संस्थाको सिट निर्धारण गर्न आयोग बाध्य हुने छैन ।

(२) विषयगत सिट संख्या निर्धारण गर्दा चिकित्सा शिक्षा आयोगले तोकेका मापदण्ड समेतका आधारमा दफा (५) मा निर्धारित प्राज्ञिक इकाइलाई [6]मूल आधार लिइने छ ।

**(५) प्राज्ञिक एकाइः** (१) शिक्षण संस्थामा कार्यरत फ्याकल्टी (शिक्षक) मा कम्तीमा एकजना सहप्राध्यापक र दुईजना उप प्राध्यपक [7]……… भएमा त्यसलाई एक प्राज्ञिक एकाइ मानिने छ ।

---

[3] पहिलो संशोधनबाट संशोधित

[4] पहिलो संशोधनबाट संशोधित

[5] पहिलो संशोधनबाट थप

[6] पहिलो संशोधनबाट थप

[7] पहिलो संशोधनबाट हटाइएको

(२) प्राज्ञिक एकाइमा कम्तीमा एकजना प्राध्यापक, एकजना सहप्राध्यापक र दुईजना उप प्राध्यपक [8] …………… भएमा **तीन सिट** प्रदान गर्न सकिने छ ।

(३) प्राज्ञिक एकाइमा कम्तीमा एकजना प्राध्यापक र दुईजना उप प्राध्यापक [9] ………… भएमा **दुई सिट** दिन सकिने छ ।

(४) प्राज्ञिक एकाइमा कम्तीमा एकजना सहप्राध्यापक र दुईजना उप प्राध्यपक [10]………… भएमा **एक सिट** दिन सकिने छ ।

(५) सहप्राध्यापकको कोटा हिसाबमा मिलान भई बाँकी रहन आएमा उक्त संख्यालाई समेत [11]……….. उपप्राध्यापकमा गणना गर्न सकिने छ ।

(६) DM/MCh कार्यक्रम संचालन भएका संस्थाको हकमा DM/MCh कार्यक्रममा प्रसेप्टर (गाइड) भएका फयाकल्टी समेतलाई गणना गर्न बाधा पर्ने छैन भने कुनैपनि प्राज्ञिक संस्थाको पदाधिकारीका हकमा सम्बन्धित पदाधिकारीको अनुरोधमा फयाकल्टीको रुपमा गणना गर्न सकिनेछ ।

(७) प्राज्ञिक एकाइ नभएको शिक्षण संस्थामा सिट उपलब्ध गराइने छैन ।

(८) प्राज्ञिक इकाइमा रहने फयाकल्टीको उमेरहद [12]क्लिनिकल विषयमा ७३ र ननक्लिनिकल तथा [13]डेन्टलतर्फ ७५ बर्ष भन्दा बढी हुनेछैन ।

(९) MDGP कार्यक्रमको सिट निर्धारणमा प्राज्ञिक इकाइको गणना गर्दा कम्तीमा एक फयाकल्टी (प्राध्यापक/सहप्राध्यापक) MDGP विधाकै हुनुपर्ने र अन्य फयाकल्टी Internal Medicine, Pediatrics, Gyane/Obs र General Surgery को समेतलाई गणना गरी सिट निर्धारण गरिनेछ । [14]र त्यसरी गणना गर्दा MDGP नै लिड हुने र यसमा गणना गरिएका फयाकल्टीलाई अन्य कार्यक्रममा गणना गरिने छैन ।

(१०) नर्सिङ लगायतका अन्य कार्यक्रमको सिट निर्धारण सम्बन्धमा सम्बन्धित विश्वविद्यालय/ [15] प्रतिष्ठानको प्रस्ताव, विगतमा अपनाइएका मापदण्ड र

---

[8] पहिलो संशोधनबाट हटाइएको
[9] पहिलो संशोधनबाट हटाइएको
[10] पहिलो संशोधनबाट हटाइएको
[11] पहिलो संशोधनबाट हटाइएको
[12] पहिलो संशोधनबाट संशोधित
[13] पहिलो संशोधनबाट संशोधित
[14] पहिलो संशोधनबाट थप
[15] पहिलो संशोधनबाट थप

सम्बन्धित काउन्सिलले अपनाइ आएका मापदण्डका आधारमा प्राज्ञिक इकाइ र सेवासमेतलाई ध्यानमा राखी सिट विवरण गराइनेछ ।

(११) Medical Imaging Technology (MIT), Forensic Medcine, [16]Physiotherapy जस्ता विषयमा जनशक्तिको कमी भएकाले प्राज्ञिक इकाइको गणना गर्दा विषयसँग सम्बन्धित अन्य फ्याकल्टीको संलग्नतालाई समेत मान्यता दिइनेछ ।

[17](१२) डेन्टल विधाको हकमा हाल देशमा संचालन भइरहेका शिक्षण संस्थामा संचालन भइरहेका कार्यक्रम हेर्दा निम्नलिखित विधाका विशेषज्ञहरुमा अन्य विधाबाट पनि फ्याकल्टीहरुलाई प्राज्ञिक एकाइ गणना गर्न सकिनेछ

क. Public Health Dentistry मा Community Medicine बाट एकजना

ख. Oral Pathology मा General Pathology बाट एकजना

ग. Oral Medicine मा Periodontics वा Oral Pathology बाट एकजना

(१३) चिकित्सा शिक्षा अध्यापन गराउने विश्वविद्यालय/प्रतिष्ठान तथा शिक्षण संस्थाले प्रयोगात्मक विषय अध्यापन र अभ्यास गर्नका लागि आफ्नो शिक्षण अस्पताल सोही विश्वविद्यालय/प्रतिष्ठानका लागि मात्र मान्य हुने र अन्य विश्वविद्यालय/ प्रतिष्ठान/ शिक्षणसंस्थाले समेत सोही अस्पताल प्रयोग गरेको अवस्थामा त्यसलाई आधार मानेर सिट निर्धारण गरिने छैन ।

[18]तर सरकारी अस्पताल प्रयोग गर्ने सरकारी शिक्षण संस्थाको नर्सिङ विषयको हकमा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सहमती पत्रानुसार सहुलियत दिन बाधा पर्ने छैन ।

**(६) फ्याकल्टीको सत्यापनः** (१) Self Appraisal (स्व मूल्यांकन प्रतिवेदन) मा शिक्षण संस्थाले पेस गरेका फ्याकल्टी सोही संस्थामा कार्यरत रहे नरहेको आधारमा सत्यापन गर्ने कार्य सम्बन्धित विश्वविद्यालय, प्रतिष्ठान तथा काउन्सिलसँगको समन्वय र परामर्शमा गरिने छ ।

(२) सम्बन्धित विधाका फ्याकल्टीहरुको विषयमा आयोगमा प्राप्त उजुरी, अनुगमन गर्ने विज्ञका सुझाव समेतका आधारमा पुन: प्रमाणीकरण गरी सिट निर्धारण समितिले सिट निर्धारणका लागि सिफारिशे गर्नेछ ।

---

[16] पहिलो संशोधनबाट थप

[17] पहिलो संशोधनबाट थप

[18] पहिलो संशोधनबाट थप

**(७) आयोगको निर्णयानुसार हुने:** [19](१) सिट निर्धारण सिफारिश समितिले समग्र पक्षको विश्लेषण गरी सिट निर्धारणका लागि सिफारिशसहित तयार गरेको प्रतिवेदन कार्यकारी समिति समक्ष पेस गर्नेछ ।

[20](२) कार्यकारी समितिले उपदफा (१) बमोजिम हुन आउने सिट निर्धारण गर्न आयोग समक्ष पेस गर्ने छ वा आयोगबाट प्राप्त अधिकार बमोजिम सिट निर्धारण गर्नेछ ।

**(८) विविधः** यस कार्यविधिमा नपरेका विषयमा थप निर्णय गर्नु परेमा समितिले गरेको निर्णय यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

[19] पहिलो संशोधनबाट थप

[20] पहिलो संशोधनबाट संशोधित